सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २७४ ♦ २०८३ साल असार ४ विहिवार ♦ 18 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेसमा धान खेतीका लागि १३ हजार ९३८ मेट्रिक टन मल बाँडफाँड

खबर दर्पण समाचारदाता

**असार ३ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले आगामी वर्षे धान खेतीलाई लक्षित गर्दै प्रदेशका १३६ वटै स्थानीय तहमा रासायनिक मलको बाँडफाँड गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जेठ २७ गतेको निर्णयअनुसार प्रदेशभरका किसानका लागि ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डिएपी मल वितरण गर्ने निर्णय गरेको हो।

मन्त्रालयका प्रवक्ता मनिष कुमार पालका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडमार्फत उपलब्ध हुने युरिया र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत प्राप्त हुने डिएपी मल स्थानीय तहको आवश्यकता र धान खेतीको क्षेत्रफललाई आधार मानी बाँडफाँड गरिएको हो।

बाँडफाँडअनुसार सप्तरीका १८ स्थानीय तहका लागि ९७५ मेट्रिक टन युरिया र १ हजार ३५ मेट्रिक टन डिएपी छुट्याइएको छ। सिरहाका स्थानीय तहका लागि १ हजार ७२ मेट्रिक टन युरिया र १ हजार १३७ मेट्रिक टन डिएपी उपलब्ध गराइने भएको छ।

त्यसैगरी धनुषाका स्थानीय तहमा ९२६ मेट्रिक टन युरिया र ७७८ मेट्रिक टन डिएपी वितरण गरिनेछ भने महोत्तरीका स्थानीय तहका लागि ८८० मेट्रिक टन युरिया र ७४० मेट्रिक टन डिएपी छुट्याइएको छ।

सर्लाहीका किसानका लागि १ हजार ९३ मेट्रिक टन युरिया र ९१९ मेट्रिक टन डिएपी, रौतहटका स्थानीय तहका लागि ८७५ मेट्रिक टन युरिया र ७३६ मेट्रिक टन डिएपी, बाराका लागि ८१९ मेट्रिक टन युरिया र ६८९ मेट्रिक टन डिएपी तथा पर्साका स्थानीय तहका लागि ६८७ मेट्रिक टन युरिया र ५७८ मेट्रिक टन डिएपी मल वितरण गरिने मन्त्रालयले जनाएको छ।

धान रोपाइँको समयमा किसानलाई सहज रूपमा मल उपलब्ध गराउने उद्देश्यले प्रदेश सरकारले समयमै मल व्यवस्थापन र वितरण प्रक्रिया अघि बढाएको मन्त्रालयका प्रवक्ता मनिष कुमार पाल भनाइ छ। मल अभावका कारण किसानलाई समस्या नहोस् भन्ने उद्देश्यले स्थानीय तहसँग समन्वय गरी वितरणलाई प्रभावकारी बनाइने जनाइएको छ।

## मटिहानी नगरपालिकाले ल्यायो ४७ करोड ४५ लाखको बजेट

खबर दर्पण समाचारदाता

**असार ३ गते, बर्दिवास**



महोत्तरीको मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले आर्थिक वर्ष २०८३/०८४ को निति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । मटिहानी नगरपालिकाको १७ औं नगरसभाको खुला सत्रमा निति तथा कार्यक्रमसँगै आव २०८३/०८४ को लागि कुल बजेट ४७ करोड ४५ लाख बनियोजन गरिएको छ। जसमा राजश्व बाँडफाँड तर्फको १० करोड ५७ लाख, सघीय सर कार तर्फ २८ करोड ८८ लाख, प्रदेश सरकारको १ करोड ४९ लाख ९५ हजार र आन्तरिक श्रोतबाट ६ करोड ५६ गरी कुल ४७ करोड ४६ लाख को बजेट नगर प्रमुख मण्डलले प्रस्तुत गरेका छन्।

मेयर मण्डलको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा उहाँले नीति, कार्यक्रम तथा बजेटमा कृषि, शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिँदै यस आर्थिक वर्षमा यी तीनै महत्वपूर्ण विषयका साथै मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीय विकासको क्षेत्रमा समेत उल्लेख्य सकारात्मक कदम उठाउने बताएका छन् ।

उनले मटिहानीको मुख्य पहिचान नै मटिहानीको विकासको मूल आधार भएकाले विगतका वर्षहरूमा मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीयका साथै पहिचानका लागि विकासका मूल फुटाउने बताए ।

मधेस प्रदेशका सभामुख राम अशिष यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो नगरसभाबाट मेयर मण्डलले केही महत्वाकांक्षी योजनासमेत सार्वजनिक गरेका छन्। उनले कृषि तथा पशुपालनको क्षेत्रमा थप योजनाहरूसहित यस क्षेत्रको विकासमा निरन्तरता, व्यावसायिक खेती र पशुपालनमा युवाको सहभागिता लगायतमा काम गर्ने बताए । त्यस्तै, उद्योग वाणिज्यतर्फ विभिन्न तालिम तथा व्यवसाय सञ्चालनमा नगरपालिकाले सहयोगी भूमिका निर्वाह गर्ने उनल थपे । यता पर्यटनमा विकासका लागि मटिहानी मठलाई विश्व सम्पदा सूचीमा राख्न सरकारलाई अनुरोध गर्ने तथा मटिहानीभित्रका विभिन्न पोखरी, जलसागर, आदिको सौन्दर्यीकरणमा जोड दिने बताए।

मटिहानी नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटकलाई बढावा दिन नगर भित्रका मठ मन्दिर तथा मस्जिदहरूलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न प्रचारप्रसार, वृत्तचित्र निर्माणलगायत थप संस्कृति झल्काउने भौतिक पूर्वाधारहरू विकास गरिने बताए ।

त्यस्तै, शिक्षाको क्षेत्रमा मैथिली भाषाको विकास, संरक्षण तथा संवर्द्धन गर्न नगरभित्रका सामुदायिक विद्यालयको कक्षा एकदेखि आठसम्मको पाठ्यक्रममा सय अंकको मैथिली भाषा समावेश गरी अध्ययन गराइने व्यवस्था मिलाइने बताए।

त्यसै गरी मटिहानी नगर पालिका अन्तर्गत रहेका माध्यमिक विद्यालय स्तरीय बिज्ञान प्रदर्शनी मेला आयोजना समेत गरिने छ ।


त्यस्तै, विद्यार्थीको सूचना प्रविधिमा पहुँच पुऱ्याउन जोडकोषमा आधारित ल्यापटप

बाँकी पृष्ठ ३ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, ...त्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पत्रकारलाई लाइसेन्स लिन मन्त्रीले बोलेपछि चन्द्रनिगाहपुरमा भए प्रेस स्वतन्त्रताबारे गम्भीर वहस

**खबर दर्पण समाचारदाता**
**असार ३ गते, बर्दिवास**

रौतहट।पत्रकारिता पेशालाई लाइसेन्ससँग जोड्ने विषयमा पछिल्लो समय उठिरहेको बहसले चन्द्रनिगाहपुरमा आयोजित एक कार्यक्रममा तीव्र तरंग पैदा गरेको छ। मधेस मिडिया काउन्सिलद्वारा आयोजित आचारसंहिता सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी पत्रकार, सञ्चारकर्मी तथा सरोकारवालाहरूले पत्रकारिताको भविष्य, प्रेस स्वतन्त्रता, आचार संहिताको कार्यान्वयन र लोकतान्त्रिक मूल्यबारे गम्भीर विमर्श गरेका छन्।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झाले पत्रकारलाई लाइसेन्स अनिवार्य बनाउने अभिव्यक्ति दिने राजनीतिक नेतृत्वप्रति कडा प्रश्न उठाएका छन्। उनले पत्रकारितालाई नियन्त्रण गर्ने सोचभन्दा पत्रकारिता क्षेत्रलाई सुदृढ र सक्षम बनाउने योजनामा राज्यले ध्यान दिनुपर्ने धारणा व्यक्त गरे।

उनले भने, "पत्रकारलाई लाइसेन्स दिने कुरा उठाउनु अघि नेताहरूले आफ्नो योग्यता र जवाफदेहिताको मापदण्ड निर्धारण गर्नुपर्छ। पत्रकारिता लोकतन्त्रको आधार स्तम्भ हो, यसलाई प्रशासनिक बन्देजको घेरामा राख्ने प्रयास उचित हुन सक्दैन।"

झाले सञ्चारमन्त्रीलाई सुझाव दिँदै मधेस प्रदेशमा पत्रकारिता क्षेत्रको क्षमता अभिवृद्धिका लागि 'मधेस मिडिया प्रशिक्षण प्रतिष्ठान' स्थापना गर्न पहल गर्नुपर्ने बताए। उनका अनुसार पत्रकारिता क्षेत्रलाई दण्ड र नियन्त्रणको दृष्टिले होइन, दक्षता र व्यावसायिकताको दृष्टिले हेर्न आवश्यक छ।

पूर्व अध्यक्ष झाले राष्ट्रिय समाचार समितिको नेतृत्व सम्हालेको अनुभव स्मरण गर्दै वर्तमान परिस्थितिप्रति चिन्ता व्यक्त गरे। उनले मन्त्रीको धारणा सुनेपछि आफू पत्रकारिता गर्ने कि नगर्ने भन्ने प्रश्नमा समेत सोच्न बाध्य भएको उल्लेख गरे।

"पत्रकारिता समाजलाई सूचित बनाउने माध्यम हो। लोकतन्त्रमा सूचना प्रवाहका लागि कुनै शैक्षिक प्रमाणपत्र अनिवार्य हुन सक्दैन। ज्ञान, क्षमता, अनुभव र जनउत्तरदायित्व नै पत्रकारिताको मूल आधार हो," उनले भने।

उनले प्रेस स्वतन्त्रताको महत्वमाथि जोड दिँदै कुनै पनि प्रकारको नियन्त्रण वा तालाचाबी लगाएर प्रेस स्वतन्त्रताको रक्षा हुन नसक्ने बताए। "यदि लाइसेन्स नै पत्रकारिताको आधार हुन्थ्यो भने प्रेस काउन्सिल नेपाल आजको स्वरूपमा रहने थिएन। प्रेस काउन्सिल नियामक संस्था होइन, पत्रकारितालाई मार्गदर्शन गर्ने संस्था हो। हाम्रो वास्तविक नियामक त पाठक, दर्शक, श्रोता र हामीले काम गर्ने सञ्चार संस्था नै हुन्," उनले स्पष्ट पारे।

यसअघि कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश सरकारका सञ्चारमन्त्री कनिस पटेलले पत्रकारितामा बढ्दो पूर्वाग्रहप्रति चिन्ता व्यक्त गरेका थिए। उनले




शिक्षक, पत्रकार, प्रहरी र न्यायाधीशजस्ता पेशा समाजका विश्वासका आधारस्तम्भ भएकाले यी क्षेत्रमा आबद्ध व्यक्तिहरू निष्पक्ष र पूर्वाग्रहरहित हुनुपर्ने धारणा राखे।

"यदि पत्रकारले सही सूचना सम्प्रेषण गर्न सकेन भने समाजले सही दिशा लिन सक्दैन," मन्त्री पटेलले भने, "समाजले सञ्चार माध्यमलाई विश्वासको आँखाले हेर्छ। त्यसैले पत्रकारको जिम्मेवारी अत्यन्त ठूलो छ।"

उनले पत्रकारिताको प्रभावलाई शिक्षकको भूमिकासँग तुलना गर्दै पत्रकार समाज निर्माणको महत्वपूर्ण शक्ति भएको बताए। "शिक्षकभन्दा कम छैन पत्रकारको भूमिका। समाजलाई शिक्षित, सचेत र जिम्मेवार बनाउन पत्रकारले निर्वाह गर्ने योगदान असाधारण छ," उनले उल्लेख गरे।

मन्त्री पटेलले पछिल्लो समय देखापरेको 'पित पत्रकारिता' अर्थात् गैरजिम्मेवार र अपुष्ट सामग्री प्रकाशन तथा प्रसारण गर्ने प्रवृत्तिले असल पत्रकारहरू ओझेलमा परेको दाबी गरे। सामाजिक सञ्जालमा सूचना प्रवाह गर्ने सबैलाई पत्रकार मान्न नसकिने उनको तर्क थियो।

"आज सामाजिक सञ्जालमा लेख्ने धेरै व्यक्तिभन्दा मेरो भ्युज बढी हुन सक्छ। त्यसैले फेसबुकमा केही लेख्दैमा पत्रकार भइँदैन," उनले भने, "पत्रकारिता जिम्मेवारी, तथ्य र उत्तरदायित्वसँग जोडिएको विषय हो।"

उनले पत्रकारितामा व्यावसायिक मापदण्ड कायम गर्न डाक्टर, इन्जिनियरलगायत अन्य पेशामा जस्तै लाइसेन्स प्रणाली लागू गर्न सकिने धारणा राखे। उनका अनुसार यस्तो व्यवस्थाले वास्तविक र पेशागत पत्रकारको पहिचान स्थापित गर्न सहयोग पुग्नेछ तथा असल पत्रकारको गरिमा अझ उँचो बनाउनेछ।

कार्यक्रममा व्यक्त यी फरक-फरक धारणाले पत्रकारिता क्षेत्रको वर्तमान अवस्था र भविष्यबारे गम्भीर बहस सिर्जना गरेको थियो। एकातिर पत्रकारितामाथि कुनै पनि प्रकार को प्रशासनिक नियन्त्रण लोकतान्त्रिक मूल्यविपरीत हुने तर्क प्रस्तुत भयो भने अर्कोतर्फ व्यावसायिकता र उत्तरदायित्व सुनिश्चित गर्न नयाँ व्यवस्था आवश्यक रहेको आवाज पनि सुनियो।

मधेस मिडिया काउन्सिलकी अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा संयोजक केसी लामिछाने, महासंघ मधेस प्रदेश अध्यक्ष श्याम बन्जरा, रौतहटका जिल्ला अध्यक्ष सञ्जय कार्कीलगायत वक्ताहरूले जिल्लाको पत्रकारितामा आचार संहिताको कार्यान्वयन अवस्था, चुनौती र सम्भावनाबारे धारणा राखेका थिए।

वक्ताहरूले पत्रकारिताको मूल धर्म सत्य, तथ्य र जनउत्तरदायित्व भएको उल्लेख गर्दै आचारसंहिताको प्रभावकारी पालना नै पत्रकारिताको विश्वसनीयता जोगाउने प्रमुख आधार भएको बताए। उनीहरूले बदलिँदो सञ्चार परिवेश, सामाजिक सञ्जालको तीव्र विस्तार र सूचना प्रवाहको प्रतिस्पर्धात्मक अवस्थाबीच पत्रकारले अझ बढी जिम्मेवार , तथ्यपरक र व्यावसायिक बन्नुपर्ने आवश्यकता औंल्याए। चन्द्रनिगाहपुरमा सम्पन्न यो अभिमुखीकरण कार्यक्रम केवल आचारसंहिताको प्रशिक्षणमा सीमित रहेन। पत्रकारिताको स्वतन्त्रता, व्यावसायिक मर्यादा, राज्यको भूमिका, सामाजिक उत्तरदायित्व र लोकतन्त्रमा सञ्चारमाध्यमको स्थानबारे गहिरो बहसको थलोका रूपमा कार्यक्रम स्मरणीय बनेको सहभागीहरूले बताएका छन्।

पत्रकारितामाथि लाइसेन्स आवश्यक छ वा छैन भन्ने बहस अझै जारी छ। तर कार्यक्रममा उठेका विचारहरूले एउटा स्पष्ट सन्देश दिएका छन्–लोकतन्त्रमा स्वतन्त्र, जिम्मेवार र विश्वसनीय पत्रकारिता नै नागरिक सचेतनाको आधार हो, जसको संरक्षण र सुदृढीकरण राज्य, सञ्चार संस्था, पत्रकार र समाज सबैको साझा दायित्व हो।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरही नगरपालिकामा तरकारी पकेट विकास कार्यक्रमको सार्वजनिक सुनुवाइ सम्पन्न

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**असार ३ गते, महोत्तरी**




महोत्तरीको औरही नगर पालिकामा 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तरकारी पकेट विकास निरन्तरता कार्यक्रम' को सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। अघिल्ला आर्थिक वर्षमा स्थापना भएका तरकारी पकेट क्षेत्र, कृषक समूह तथा विभिन्न वडाका कृषकहरूलाई लक्षित गरी नगर पालिकाको कार्यालयमा उक्त कार्यक्रम आयोजना गरिएको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा परि योजना कार्यान्वयन निर्देशिका संयोजक सुशील प्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगर प्रमुख प्रदीप कुमार खड्का प्रमुख अतिथि तथा नगर उपप्रमुख रेणु झा विशेष अतिथिका रूपमा सहभागी हुनुभएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख खड्काले कृषि क्षेत्र देशको आर्थिक विकास, आत्मनिर्भरता र समृद्धिको महत्वपूर्ण आधार भएको बताउनुभयो। उहाँले कृषि उत्पादनलाई परम्परागत प्रणालीबाट व्यवसायिक र आधुनिक प्रणालीतर्फ लैजान आवश्यक रहेको उल्लेख गर्दै औरही नगरपालिकाले कृषि क्षेत्रमा व्यवसायीकरण, विविधीकरण, यान्त्रिकीकरण तथा बजार व्यवस्थापनलाई प्राथमिकतामा राखेको बताउनुभयो। "कृषि केवल जीविकोपार्जनको माध्यम मात्र होइन, यो स्थानीय अर्थतन्त्र बलियो बनाउने आधार हो। कृषकको उत्पादन वृद्धि र आयआर्जन बढाउन स्थानीय सरकारले आवश्यक सहयोग गर्दै आएको छ," नगर प्रमुख खड्काले भन्नुभयो।

नगर उपप्रमुख रेणु झाले कृषि क्षेत्रको दिगो विकासका लागि महिला कृषकको सहभागिता र सामूहिक खेती प्रणाली आवश्यक रहेको बताउनुभयो। उहाँले परम्परागत खेती प्रणालीलाई आधुनिक, सम्मानजनक र आयमूलक पेशाका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो।

सार्वजनिक सुनुवाइमा कृषकहरूको तर्फबाट बोल्दै औरही नगरपालिका-२ स्थित श्री जनता कृषक समूहका सञ्चालक दिपेन्द्र यादवले नगर पालिकाले उपलब्ध गराउँदै आएको उन्नत बीउ, कृषि उपकरण तथा प्राविधिक सहयोगले साना किसानलाई राहत पुगेको बताउनुभयो। उहाँले उत्पादन बढेसँगै तरकारीको उचित बजार मूल्य र शीतभण्डार (कोल्ड स्टोर) व्यवस्थापनमा पनि ध्यान दिनुपर्ने सुझाव दिनुभयो। त्यस्तै वडा नं. १ का कृषक सुजित यादवले पछिल्लो समय देखिएका विभिन्न बाली रोग तथा कीराको नियन्त्रणका लागि खेतमै पुगेर प्राविधिक सेवा उपलब्ध गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो।कार्यक्रममा नगर पालिकाका प्रशासन शाखा प्रमुख निलाम्बर मिश्रले सुशासन, पारदर्शिता र उत्तरदायित्व कायम गर्न प्रशासन प्रतिबद्ध रहेको बताउनुभयो।


नगरपालिकाका कृषि अधिकृत सुनिल यादवले तरकारी पकेट विकास कार्यक्रमको उद्देश्य, प्रगति तथा उपलब्धिबारे जानकारी दिँदै स्थानीय उत्पादनमार्फत तरकारीको आवश्यकता पूरा गर्ने र वातावरणमैत्री कृषि प्रवर्द्धन गर्ने लक्ष्य रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कृषकको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि शाखाले निःशुल्क प्राविधिक सेवा, नियमित अनुगमन, निरीक्षण र आवश्यक समन्वय गर्दै आएको छ। रासायनिक विषादीको प्रयोग घटाउँदै जैविक उत्पादन प्रवर्द्धन गर्न भर्मी कम्पोष्ट मल, जैविक तथा निमजन्य विषादी र पोषक तत्वको प्रयोगमा जोड दिइएको छ।"

कृषि शाखाकी कविता विष्ट सङ्तौलाले कृषक समूह तथा कृषि सहकारीमार्फत उन्नत जातका तरकारी बीउ, चार्जवाला पावर स्प्रेयर, मल्चिङ सिट, हजारीलगायत सामग्री अनुदानमा उपलब्ध गराइएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कृषकलाई प्राविधिक रूपमा सक्षम बनाउँदै बाली संरक्षण र उत्पादन वृद्धि गर्ने उद्देश्यले शाखाले नियमित अनुगमन, निरीक्षण र प्राविधिक परामर्श सेवा प्रदान गरिरहेको छ।"

कार्यक्रमको समापन गर्दै प्रमुख प्रशासकीय अधिकृत तथा सभापति सुशील प्रसाद आचार्यले कृषकहरूले दिएका सुझावलाई आगामी नीति तथा कार्यक्रममा समेटिने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले तरकारी पकेट कार्यक्रमले कृषकको आर्थिक अवस्था सुधार गर्नुका साथै स्थानीय स्तरमा पोषण सुरक्षामा समेत योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा औरही नगर पालिकाका विभिन्न वडामा रहेका महावीर कृषक समूह, मिथिला कृषक समूह, श्री राम जानकी महिला कृषक समूह, श्री जनता कृषक समूह, श्री ब्रह्मबाबा कृषक समूह, श्री हनुमान कृषक समूह तथा श्री राम जानकी कृषक समूहका प्रतिनिधि तथा स्थानीय कृषकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा पशुपन्छी शाखा प्रमुख रामजी प्रसाद यादव, स्टोर शाखा प्रमुख लक्ष्मण तामाङ लगायत नगरपालिकाका कर्मचारी तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

# एउटै बोटमा आँपका जात दुईवटा



खबर दर्पण समाचारदाता
**असार ३ गते, बर्दिवास**

तराई-मधेसमा अहिले आँप उत्पादनका हिसाबले मध्य मौसम छ। हरेकजसो किसानका खेतबारी र बगैंचामा विभिन्न जातका आँप लटरम्म फलेका छन् ।

यहाँ उत्पादन हुनेमध्ये मालदह र दशहरी जातका आँप अन्यको तुलनामा स्वादिष्ट हुने भएकाले सबैको रोजाइमा पर्दै आएको पाइन्छ ।

यसैबीच, महोत्तरीको भङ्गाहा-४ रामनगरका किसान रामभगत महतोको आँगनमा भने एउटै बोटमा दुई स्वादिष्ट जातका आँप फलेका छन् । उहाँको घरआँगनको एउटै बोटमा ती दुवै जातका आँप फलेका छन् ।

महतोले मालदहको बिरुवा भनी दुई वर्षअघि रोप्नुभएको बोटमा पहिलोपल्ट यसपालि फल लागेको हो । त्यस आँपको बोटका मुख्य दुई हाँगामा फरक-फरक जातका आँप फलेका हुन् ।

किसान महतोले भन्नुभयो, "हेर्नुस त एकापट्टि मालदह र यो अर्को हाँगामा दशहरी फल्यो, दुवै स्वादिष्ट जातका आँप गनिन्छन् म खुसी छु ।" त्यो बोटमा मालदहका दाना ठूला रहेका र दशहरीका फल औसत रूपमा साना छन् ।

आँपको बिरुवामा कलमी लगाउँदा फेदतिर दशहरी र माथिल्लो भाग मलदहको हाँगो फाटेर गएको हुनसक्ने बागवानी विज्ञका रूपमा लामो सरकारी सेवाबाट अवकाश लिनुभएका स्थानीय ताराबहादुर भुजेल बताउनुहुन्छ । तथापि, एउटै बोटमा दुई जातका आँप फल्नु दुर्लभ घटना र अपवादमा भेटिने गरेको उहाँको भनाइ छ ।

-रासस

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी विशेष गरिएको सूचना
यस कार्यालयमा मिति २०६७।२।२१ मा दर्ता भएको प्रा.लि.नं.८२१७२ भएको **होटल होली भिजन** (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०३।०३ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

# मटिहानी नगरपालिकाले ...

वितरण, कक्षा ११ मा अध्ययनरत छात्राहरूलाई निःशुल्क साइकल वितरण , दलित, विपन्न, गरिब, अपांग, असहाय तथा सहिद परिवारका जेहेनदार विद्यार्थीलाई नगर प्रमुख छात्रवृत्ति पुरस्कार सहयोगको व्यवस्था गरिने कुरा नीति, कार्यक्रम तथा बजेटमा उल्लेख गरिएको छ।

यता स्वास्थ्यतर्फ मटिहानी नगर पालिकाले बर्थिङ सेन्टरले रेफर गरेको खण्डमा जनकपुरसम्मका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। गर्भवतीका लागि अल्ट्रासाउन्ड निःशुल्क गरिनुका साथै आयुर्वेद तथा पारम्परिक चिकित्सा प्रणालीको विकास गरिने उल्लेख छ।यसका अलावा समावेशीकरण/गरिबी निवारण तथा कला, संस्कृति, खेलकुद, पूर्वाधार विकास, सिँचाइ, भवन तथा सहरी विकास, सञ्चार, वातावरण तथा विपत् व्यवस्थापनसम्बन्धी नीति तथा कार्यक्रम, संस्थागत विकास तथा सुशासनसम्बन्धी नीति तथा कार्यक्रम लगायतमा आवश्यक बजेट तथा योजनाहरू सञ्चालन गरिने मेयर मण्डलले उल्लेख गरेका छन् ।

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।
➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रकिया पूरा गरौं,
➢नागरिक वडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,
**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**
मटिहानी नगरपालिका, महोत्तरी

# पूर्वराज्यमन्त्री सञ्जय साहको सम्पत्ति शुद्धीकरण मुद्दा 'निसु'मा

**खबर दर्पण समाचारदाता**
**असार ३ गते, बर्दिवास**



पूर्वराज्यमन्त्री सञ्जयकुमार साहको सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचार मुद्दामा सुनुवाइ सकिएर निर्णय सुनाउने(निसु) मा राखिएको छ। ६ वर्षअघि सर्वोच्च अदालतमा पुगेको साहको मुद्दा न्यायाधीश अब्दुल अजीज मुसलमान र नृपध्वज निरौलाको संयुक्त इजलासमा बुधबार सुनुवाइ सकिएसँगै निर्णय सुनाउने(निसु)मा र ाखिएको छ।

२०७६ फागुन १५ मा विशेष अदालतका न्यायाधीशहरू कृष्ण गिरी, शान्तिसिंह थापा र चन्द्रबहादुर सारुको इजलासले साहलाई भ्रष्टाचार मुद्दामा ४ वर्ष जेल सजाय र १९ करोड ४४ लाख ३८ हजार ९८३ रुपैयाँ गैरकानुनी रूपमा आर्जन गरेको ठहर गर्दै त्यसलाई जफत गर्न र त्यति नै जरिबाना तिराउन आदेश दिएको थियो। त्यस्तै विशेष अदालतले साहबाट १४ करोड २५ लाख एक हजार ७१६ रुपैयाँ सम्पत्ति शुद्धीकरण भएको ठहर गरेको थियो। २०७६ फागुन २९ मा विशेष अदालतले सम्पत्ति शुद्धीकरण मुद्दामा साहलाई ५ वर्ष कैद सजाय हुने फैसला सुनाएको थियो।

सम्पत्ति शुद्धीकरणमा दुई वर्षदेखि १० वर्षसम्म कैद सजाय हुनसक्ने कानुनी व्यवस्था छ । फौजदारी कार्यविधि संहितामा तीन वर्षभन्दा बढी सजाय हुनसक्ने कसुरमा सजाय निर्धारणका लागि एक महिनाभित्र छुट्टै सुनुवाइ गर्नुपर्ने व्यवस्था छ। त्यसैअनुसार विशेष अदालतले सम्पत्ति शुद्धीकरणमा समेत दोषी पाइएका साहलाई उक्त कसुर मा हुने सजाय निर्धारण गरेको थियो।

विशेष अदालतले सजाय निर्धारण गरेको फैसलामा चित्त नबुझेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७७ असोज ५ गते भ्रष्टाचार मुद्दा र असोज ९ गते सम्पत्ति शुद्धीकरण मुद्दा सर्वोच्चमा पुनरावेदन गरेको थियो।

साथै सञ्जयकुमार साह २०७७ असोज १२ मा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च पुगेका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सञ्जय साहको निवेदन एक साथ राखेर सर्वोच्चले सुनुवाइका लागि पेसी तोक्दै आइरहेको छ।

साहविरुद्ध २०७३ पुस २५ मा अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। उनीविरुद्ध ३१ करोड ५० लाख २६ हजार पाँच सय ५९ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्दै आयोगले अभियोग पत्र दायर गरेको थियो। अख्तियारले आठ जनालाई प्रतिवादी बनाएको थियो।२०७४ चैत १६ मा साहविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ३२ करोड चार लाख ५० हजार ३०४ रुपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो।

विभागले सञ्जयका बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, रामकुमार साहसहित १२ जनालाई प्रतिवादी बनाएको थियो । उनीहरूमध्ये रामकुमार साहलाई एक वर्ष ८ महिना कैद तथा बाँकीलाई दुई वर्ष ६ महिना कैद सजाय हुने विशेष अदालतले फैसला गरेको थियो।

साहविरुद्ध अखितयारमा उजुरीपछि छानबिन गर्दा उनको सम्पत्ति अस्वाभाविक देखिएको छ। आयोगले अनुसन्धान गर्दा दुई पटक संविधान सभा तथा व्यवस्थापिका संसद् सदस्य ( सभासद) भएर, भौतिक योजना तथा निर्माण राज्यमन्त्री भएको बेलासमेत साहले सार्वजनिक पद धारण गरेपछि अस्वाभाविक रूपमा सम्पत्ति लुकाएको अख्तियारको दाबी थियो।

सम्पत्ति शुद्धीकरण विभागले गरेको अनुसन्धानमा गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति तथा साधन बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, भाइ रामकुमार साह, मनोजकुमार सिंह, निलम सिंह, राममिलन राउत कुर्मी, ओमप्रकाश यादव, सुजितकुमार पाण्डे गरी कुल १२ प्रतिवादीसमेतको मिलेमतोमा लुकाएको दावी गरेको थियो।

## जन्मकैद सजाय पाएर कारागारमा छन् साह

जनकपुरधाम बमकाण्डको मुख्य योजनाकारको रूपमा रहेका भन्दै धनुषा जिल्ला अदालतले जन्मकैद सजाय सुनाएपछि हाल सञ्जयकुमार साह डिल्लीबजार काराबारमा जेल सजाय कटाइ रहेका छन् । रामानन्द चोकमा बम विस्फोट मुद्दामा पूर्वमन्त्री साहसहित सात जनालाई धनुषा जिल्ला अदालतले जन्मकैद सजाय सुनाएको थियो।

२०६९ वैशाख १८ मा मिथिला राज्य सङ्घर्ष समितिको आह्वानमा रामानन्द चोकमा बम विस्फोट गराइएको थियो। विस्फोटमा पाँच जनाको मृत्यु भएको थियो। घटनाका मुख्य योजनाकारका रूपमा साहलाई प्रतिवादी बनाएर मुद्दा दर्ता भएको थियो।

# संघीयता सवलीकरण बारे समाचारलेखन सम्बन्धि दुई दिने प्रशिक्षण



**खबर दर्पण समाचारदाता**
**असार ३ गते, बर्दिवास**

आम सञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजनामा संघीयता सबलीकरण सम्बन्धि समाचार लेखन सम्बन्धि दुई दिने प्रशिक्षण धनुषाको ढल्केवरमा आजवाट शुरु भएको छ ।

धनुषा, महोत्तरी, सिरहा तथा सप्तरी जिल्लाका करिव ४ दर्जन पत्रकारहरु सहभागि रहनु भएको प्रशिक्षण कार्यक्रममा संघीयताको महत्व, आवश्यकता सहितका विषयमा संघीयता विद् खिमलाल देवकोटो प्रशिक्षण दिईरहनु भएको हो ।

यसै गरि संघीयतामा आर्थिक विषयहरुमा मधेश प्रदेशका पूर्व नीति तथा योजना आयोगका उपाध्यक्ष डो भोगेन्द्र झा व्यथितले प्रशिक्षण दिईरहनु भएको छ ।

दुई दिने प्रशिक्षणमा कार्यक्रममा सहभागि विज्ञहरुले संघीयताको सकारात्म तथा नकारात्मक पक्ष, विश्वमा भएका अभ्यास सहितका विषयमा विज्ञहरुले प्रशिक्षण दिईरहनु भएको छ ।दुई दिने प्रशिक्षणको उद्घाटन गर्नुहुँदै मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री शारदा देवी थापाले संघीयताको धेरै सकारात्म पक्षहरु भएको बताउदै यसलाई सवल बनाएर अगाडी बढ्नुको कुनै विकल्प नभएको बताउनु भयो ।उहाँले संघीयताको असल अभ्यासले मुलुकको विकासले गति लिने भएकाले यसमा देखा परेका नकारात्मक विषयहरुलाई चीर्न सञ्चारकर्मीले निरन्तर कलम चलाउनु पर्ने धारणा राख्नु भयो ।

मन्त्री थापाले संघीयताका कार णले नै अहिले समाजमा निक्कै पछाडी पारिएका वर्ग तथा समुदायका व्यक्तिहरुले राज्य विभिन्न तहमा अवसर पाएको बताउदै नकारात्म विषय वस्तुलाई उजागर गर्न नहुने बताउनु भयो ।आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जीतेन्द्र खडगाको अध्यक्षतामा भएको सो कार्यक्रममा प्राधिकरणका सदस्य ज्योति झा, संघीयताका विज्ञ खिमलाल देवकोटा तथा आम सञ्चार प्राधिकरणका कार्यालय प्रमुख सन्तोष साहले बोल्नु भएको थियो । प्रशिक्षण कार्यक्रम भोलीसम्म चल्नेछ ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,